# राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चैनपुर, मकवानपुर
Chainpur, Makawanpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)


पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :-

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

## ध्यानाकर्षण सहीत विज्ञप्ती:

यस राक्सिराङ्ग गाउँपालिका वडा नं. १ घ्याङसिटारमा मिति २०७७/११/०८ गते राती करीब ०८:०० बजेको समयमा केही अज्ञात व्यक्तिहरुले स्थानीय मान बहादुर स्याङतान, कान्छामान स्याङतान र लक्ष्मण भ्लोनको घरमा कैलाश गाउँपालिका-१० थापलेख बस्ने सुभाष पाखिनको नेतृत्वमा लागुऔषध रहेको भन्ने नाममा खानतलासी गरी पसल तोडफोडगरी खाद्यान्न, तेल, पेय पदार्थ आदी नष्ट गर्ने कार्य गरेकोमा स्थानीय बासीन्दाहरुले सो कार्यको प्रतिकार्य गर्न खोज्दा पछिमात्र सिभिलमा प्रहरीहरु रहेको जानकारी प्राप्त भए पश्चात वडा नं. १ का वडा अध्यक्ष कान्छाराम रुम्बाले जनप्रतिनिधिको हैसियतले परिस्थितिलाई सहज बनाउन खोज्दा निज वडा अध्यक्षलाई लछारपछार गरी समाती लगेको हुँदा निर्वाचित जनप्रतिनिधिलाई त्यस्तो प्रकारको अमानवीय दुर्व्यवहार गरेको प्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

गाउँपालिका आफ्ना नागरिकको सुरक्षा प्रति संवेदनशिल रहेको अवस्थामा गाउँपालिकालाई कुनै जानकारी नै नदिई लागुऔषधको नाममा छापामार शैलीमा खानतलासी गर्ने, रातको समयमा शान्ति सुरक्षामा खलल पुऱ्याउने जस्ता अमानवीय दुखद घटना भएको हुँदा नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय सरकारवीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा सम्बन्ध स्थापीत हुने व्यवस्था गरेतापनी संविधानको मर्म र संघीयताको भावना विपरीत स्थानीय सरकारसंग कुनैपनि समन्वय र सहकार्य नगरी निर्वाचित जनप्रतिनिधिलाई समात्ने कार्य गरेकोमा त्यस्ता कार्यहरु प्रति यस गाउँपालिका घोर भत्सर्ना गर्दै निज वडा अध्यक्ष श्री कान्छाराम रुम्बाको प्रहरी प्रशासन समक्ष तत्काल रिहाईको आग्रह गर्दछ, अन्यथा यस घटनाको कारणले सृजित हुन सक्ने जस्तो सुकै परिस्थिति प्रति सम्वन्धित निकायनै जिम्मेवार रहनु पर्ने व्यहोरा ध्यानाकर्षण गराउँदछौं।

मिति: २०७७/११/०९

..........................
(राजकुमार मल्ल)
अध्यक्ष

राजकुमार मल्ल
अध्यक्ष